# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प. सं.:२०८१।८२

मिति: २०८१।०५।१२

**आर्थिक वर्ष २०८०।८१ को वार्षिक प्रगति समिक्षा प्रतिवेदन सार्वजनिक गरिएको सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा यस रघुगंगा गाउँपालिकाको आ.व. २०८०।८१ को वार्षिक समिक्षा कार्यक्रम मिति २०८१।०४।३१ गतेका दिन रघुगंगा गाउँपालिकाका उपाध्यक्ष श्री प्रेम कुमारी पुनको अध्यक्षता र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सहितका कर्मचारीहरुको उपस्थितिमा कार्यालयका सम्पूर्ण विषयगत शाखाहरु तथा ८ वटै वडा कार्यालयहरुको प्रस्तुतीकरणका साथ सम्पन्न भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गराइएको छ । साथै कार्यक्रम सम्पन्नताको प्रतिवेदन यसै सूचनाका साथ संलग्न रहेको जानकारी गराइन्छ ।

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# रघुगंगा गाउँपालिकाको

## आ.व. २०८०।८१ को वार्षिक प्रगती समिक्षा प्रतिवेदन

रघुगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

CamScanner

रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७३

**कार्यक्रमको नामः आ.व. २०८०।८१ को बजेट कार्यान्वयन सम्बन्धी वार्षिक प्रगती समिक्षा कार्यक्रम**

**कार्यक्रम सञ्चालन तथा सम्पन्न मितिः २०८१।०४।३१**

**कार्यक्रम सञ्चालन स्थानः रघुगंगा गाउँपालिकाको सभाहल, मौवाफाँट, म्याग्दी ।**

## पृष्ठभूमी

यस रघुगंगा गाउँपालिकाको गत आ.व. २०८०।८१ को बजेट कार्यान्वयन सम्बन्धी समिक्षा कार्यक्रम मिति २०८१।०४।३१ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री भव बहादुर भण्डारीको अनुपस्थितिमा उपाध्यक्ष श्री प्रेम कुमारी पुनज्यूको अध्यक्षता र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री चेतनारायण भण्डारीको उपस्थितिमा सबै वडाका वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, कार्यालयका सम्पूर्ण विषयगत शाखाका शाखा प्रमुखहरु एवम् सबै वडाका वडा सचिवहरु तथा कार्यालयका सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा सम्पन्न भएको थियो ।

## कार्यक्रम सञ्चालन विधि

कार्यक्रमको औपचारीक उद्घाटन गाउँपालिका उपाध्यक्ष श्री प्रेम कुमारी पुनज्यूले कार्यक्रमको व्यानर पढेर गर्नुभएको थियो र रघुगंगा गाउँपालिकामा आ.व. २०८०।८१ मा कार्यान्वयन भएका तथा सेवा प्रवाह भएका सम्पूर्ण योजना तथा कार्यक्रम र सेवा प्रवाह सम्बन्धी भौतिक तथा वित्तीय प्रगती गाउँपालिकाका ८ वटै वडा र कार्यालयका सम्पूर्ण विषयगत शाखाको छुट्टाछुट्टै प्रस्तुतीकरण भएको थियो । कार्यक्रमको प्रस्तुतीकरण कार्यालयको डिजिटल बोर्डमार्फत गरिएको थियो भने उक्त कार्यक्रमको सञ्चालन शिक्षा अधिकृत श्री कृष्ण प्रसाद सुवेदीले गर्नुभएको थियो ।

## पहिलो शेसन

यस रघुगंगा गाउँपालिकाका ८ वटै वडाहरुको आ.व. २०८०।८१ को वार्षिक प्रगती प्रतिवेन वडा नं. १ देखि ८ सम्मका सबै वडा सचिवहरुले क्रमैसँग प्रस्तुत गर्नुभएको थियो । जसमा वडा कार्यालयहरुले वार्षिक रुपमा सम्पादन गरेका भौतिक तथा वित्तीय प्रगती र सेवा प्रवाह सम्बन्धी विवरण समावेश गरिएको थियो ।

## दोस्रो शेसन

यस रघुगंगा गाउँपालिकाका सम्पूर्ण विषयगत शाखाका शाखा प्रमखहरुले आ-आफ्नो विषयगत शाखाको आ.व. २०८०।८१ को वार्षिक प्रगती प्रतिवेदनको प्रस्तुतीकरण गर्नुभएको थियो । शाखागत रुपमा भएको भौतिक र वित्तीय प्रगती तथा सेवा प्रवाह समेतको अवस्थालाई प्रस्तुतीकरणको प्रमुख विषय बनाइएको थियो ।

अन्तमा, कार्यक्रम प्रस्तुतीकरणको बीच बीचमा नबुझेका वा प्रष्ट नभएका विषयमा व्यापक छलफल गरी सबैले विषयवस्तुका बारेमा प्रष्टयाउने, बुझ्ने र प्रष्ट हुने कार्य गरिएको थियो । कार्यक्रम निकै उपलब्धीमूलक र सफल भएको थियो । वर्षभरी भएका कमजोरीहरु तथा भोगेका समस्याहरुको विषयमा छलफल गरी समाधान गर्नका लागि आवश्यक विभिन्न रणनीतिक छलफल भई निचोडका साथ कार्यक्रम सम्पन्न भएको थियो ।

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१।०५।१२

CamScanner

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी

गण्डकी प्रदेश, नेपाल


प. सं.:२०८१।८२

मितिः २०८१।०५।१२

## आर्थिक वर्ष २०८०।८१ को वार्षिक प्रगति समिक्षा प्रतिवेदन सार्वजनिक गरिएको सम्वन्धी सूचना !

प्रस्तुत विषयमा यस रघुगंगा गाउँपालिकाको आ.व. २०८०।८१ को वार्षिक समिक्षा कार्यक्रम मिति २०८१।०४।३१ गतेका दिन रघुगंगा गाउँपालिकाका उपाध्यक्ष श्री प्रेम कुमारी पुनको अध्यक्षता र गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सहितका कर्मचारीहरुको उपस्थितिमा कार्यालयका सम्पूर्ण विषयगत शाखाहरु तथा ८ वटै वडा कार्यालयहरुको प्रस्तुतीकरणका साथ सम्पन्न भएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि सूचित गराइएको छ । साथै कार्यक्रम सम्पन्नताको प्रतिवेदन यसै सूचनाका साथ संलग्न रहेको जानकारी गराइन्छ ।

२०८१।०५।१२

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

चेतनारायण भण्डारी
प्रमुख प्रशासकीय अधिकृत




CamScanner